एन.आर.एन. इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड
NRN Infrastructure and Development Limited
कमलादी कम्पलेक्स, पहिलो तल्ला, कमलादी, काठमाण्डौ, फोनः ०१-४५९२९३९/४५९४०३४
E-mail: nrn@nrnil.com, Web site: www.nrnil.com

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरु,

एन.आर.एन.इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको सञ्चालक समितिको मिति २०८२ कार्तिक २५ गते मंगलबार बसेको १५२ औं बैठकको निर्णय अनुसार यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२ साल पुष ४ गते (तद्नुसार १९ डिसेमम्बर, २०२५), शुक्रबार ।
समय : बिहान ९:०० बजे
स्थान : आम्रपाली व्यान्क्वेट, थिरबम सडक, काठमाण्डौ र विद्युतिय माध्यम (google meet) मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।

सभा स्थलमा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुको उपस्थितिका लागि विद्युतिय (भर्चूअल) माध्यमको व्यवस्था गरिएको छ । विद्युतीय माध्ययमको विवरण कम्पनीको वेबसाइट www.nrnil.com मा पाउन सकिनेछ ।

तेह्रौं वार्षिक साधारण सभाका प्रस्तावहरुः

(क) साधारण प्रस्तावहरुः

१. कम्पनीको सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८१/०८२ को तेह्रौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को वार्षिक नाफानोक्सान हिसाव विवरण तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षण समिति तथा सञ्चालक समितिको सिफारिस मुताविक लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।
४. विशिष्टीकृत लगानी कोष व्यवस्थापन गर्ने उद्देश्यले कम्तीमा ५१ प्रतिशत स्वामित्व हुने गरी सहायक कम्पनीका रुपमा कोष व्यवस्थापक कम्पनी स्थापना गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रू. १,२८,४३,७२,२८५/- (अक्षरेपी एक अर्ब अठ्ठाईस करोड त्रिचालिस लाख बहत्तर हजार दुई सय पचासी रुपैँया मात्र) को २.१०५ प्रतिशतको दरले हुन आउने रकम रु.२,७०,३९,४१६.५३ (अक्षरेपी दुई करोड सत्तरी लाख उन्नचालिस हजार चार सय सोह्र रुपैँया त्रिपन्न पैसा) बराबरको (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्न प्रस्ताव पेश गर्ने ।

ख) विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पूँजी रू.१,२८,४३,७२,२८५/- (अक्षरेपी एक अर्ब अठ्ठाईस करोड त्रिचालिस लाख बहत्तर हजार दुई सय पचासी रुपैँया मात्र) को ४० प्रतिशतले हुन आउने रकम रु. ५१,३७,४८,९१४/- (अक्षरेपी एक्काउन्न करोड सौतिस लाख अठचालिस हजार नौ सय चौध रुपैंया) बराबर बोनस शेयर वितरण गर्ने ।
२. बाह्रौ साधारण सभावाट स्वीकृत हकप्रद शेयर सम्बन्धी निर्णय अनुसार हाल सम्म हकप्रद शेयर जारी भई नसकेकोले उक्त प्रस्तावलाई परिमार्जन गर्दै विशेष प्रस्ताव नं. (१) बमोजिम बोनस शेयर जारी गरे पश्चात् कायम हुने चुक्ता पूँजीको १०० प्रतिशत (१:१) हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
३. कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने ।
४. कम्पनीको प्रबन्धपत्रको दफामा संशोधन गर्ने ।
   (क) प्रबन्धपत्रको दफा ६ को (ख), (ग) संशोधन गर्ने ।
   (ख) कम्पनीको संचालक समिति सदस्य घटाउनको लागि कम्पनीको नियमावलीको नियम ३१ (१) संसोधन सम्बन्धमा।
५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय कार्यालयले कुनै फेरवदल संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०८/११ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०८/१० गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. विद्युतिय माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुले फोन नं. ०१-४५९२९३९ मा वा कम्पनीको आधिकारिक ईमेलः nrn@nrnil.com मा सम्पर्क गरी साधारण सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगाबै आफ्नो नाम इमेल ठेगाना टिपाउनु पर्नेछ। विद्युतिय माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID, Password वा Meeting Link उपलब्ध गराई सभामा सहभागि हुने व्यवस्था मिलाईने छ।
३. विद्युतिय माध्यमबाट उपस्थित शेयरधनीलाई सभा स्थलमा उपस्थित भए सरह मान्यता दिई सभा सञ्चालन गरिने छ र यसरी उपस्थित शेयरधनीहरुको हाजिरीका लागि निजहरु ियनष्ल भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने र सभा संचालन अवधिभरको भिडियो रेकर्डिङ्ग गरिनेछ।
४. सभा सुरु हुनु भन्दा एक घण्टा अगाडीबाट विद्युतिय माध्यम खुल्ला गरिनेछ। उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनीहरुले दिईएको Meeting ID, Password वा Meeting Link को माध्यमबाट Login गरी आफ्नो परिचय सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ।
५. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ८:०० बजेदेखि सभा संचालन रहेसम्म खुल्ला रहने छ।
६. विद्युतिय माध्यमबाट आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. ०१-४५९२९३९, मा वा कम्पनीको आधिकारिक nrn@nrnil.com मा सम्पर्क गरी नाम टिपाउन हुन अनुरोध गर्दछौं। सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी माहानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ।
७. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
८. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरीएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेवसाइट www.nrnil.com मा पनि हेर्न सक्नु हुनेछ।
९. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.२८, कमलादी कम्पलेक्स, कमलादी काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ। प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सि स्वतःबदर हुनेछ ।
१०. कम्पनीको शेयरधनी दर्ता कितावमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले, नावालक शेयरधनीहरुको हकमा नावालकको संरक्षक वा निजले नियूक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनिको दर्ता कितावमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
११. साधारण सभामा उपस्थित हुने शेयरधनी महनुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।
१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय कमलादी कम्पलेक्स, कमलादी, काठमाण्डौ तथा यस कम्पनीको शेयर रजिष्ट्रर नेपाल एसबिआई मर्चेन्ट बैंक लिमिटेड लैनचौर काठमाण्डौमा सम्पर्क राख्नु होला ।

नोटः अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय कमलादी कम्पलेक्स, कमलादी, काठमाण्डौ वा कम्पनीको फोन नं. ०१-४५९२९३९, मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

एन.आर.एन. इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको आ.व. २०८१/८२ को संक्षिप्त आर्थिक विवरण

कम्पनी ऐन, २०६३ (पहिलो संसोधन २०७४) को दफा ८४(४) प्रयोजन निमित्त प्रकाशित विवरण संक्षिप्त आर्थिक विवरण कम्पनीको आर्थिक विवरण र संचालकको प्रतिवेदनको संछिप्त विवरणको रुपमा रहेको छ।

आदरणीय शेयरधनी महानुभावहरु,

एन.आर.एन. इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको तेह्रौ वार्षिक साधारण सभाको प्रयोजनार्थ आ.व. २०८१।०८२ को वासलात, नाफा-नोक्सान हिसाब लगायत कम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ । कम्पनीले नेपाल लेखामन बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०८१।०८२ को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड Nepal Financial Reporting Standard– NFRS अनुसार वित्तिय विवरण तयार गरी सोहि बमोजिमको संछिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ।

नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुसारको वित्तीय विवरण

STATEMENT OF FINANCIAL POSITION	F.Y 2081-82	F.Y 2080-81
Assets		
Non Current Assets		
Property, Plant and Equipment	14,069,322	9,299,450
Investment In Associates	-	342,784,000
Financial Assets at fair value through PL	408,983,801	423,996,395
Financial Assets at Fair value through OCI	2,178,190,331	1,079,774,405
Total Non-Current Assets	**2,601,243,454**	**1,855,854,250**
Current Assets		
Financial Assets	950,000,000	240,000,000
Other Financial Assets	230,262,655	5,455,015
Cash and Cash Equivalents	157,962,918	75,984,241
Total Current Assets	**1,338,225,572**	**321,439,256**
Total Assets	**3,939,469,026**	**2,177,293,506**
Equity and Liabilities		
Equity		
Paid up capital	1,284,372,285	1,223,211,700
Reserve and Surplus	1,989,501,580	721,552,887
Total Equity	**3,273,873,865**	**1,944,764,587**
Liabilities		
Non-Current Liabilities		
Deferred Tax Liability	432,239,275	222,292,528
Lease Liability	3,643,765	4,695,218
Total Non-Current Liabilities	**435,883,039**	**226,987,747**
Current Liabilities		
Lease Liability	1,133,379	840,678
Financial Liability	228,578,743	4,700,495
Total Current Liabilities	**229,712,122**	**5,541,173**
Total Equity and Liabilities	**3,939,469,026**	**2,177,293,506**

STATEMENT OF PROFIT OR LOSS	F.Y 2081-82	F.Y 2080-81
Revenue		
Investment Income		
Dividend Income	2,764,518	4,890,726
Gain/(Loss) on sale of investment	900,977,937	
Unrealized gain on Investment (Change in FVTPL)	1,040,005,332	70,418,814
Finance Income	20,026,383	24,616,726
Other Income	162,960	136,881
Total Revenue	**1,963,937,129**	**100,063,147**
Expenses		
Employe Benefit Expenses	(12,422,062)	(6,072,651)
Administrative Expenses	(7,196,546)	(4,225,951)
Depreciation and Amortization	(2,866,969)	(676,157)
Finance Cost	(3,512,403)	(269,626)
Total Expenses	**(25,997,981)**	**(11,244,385)**
Profit Before tax	**1,937,939,149**	**88,818,762**
Income Tax Expenses		
Current Tax	223,711,998	3,322,918
Deferred Tax	252,770,272	17,666,285
Profit After Tax	**1,461,456,879**	**67,829,559**
Net Profit for the Year	**1,461,456,879**	**67,829,559**
Basic Earnings Per Share	113.79	5.55
Diluted Earnings Per share	113.79	5.55

STATEMENT OF OTHER COMPREHENSIVE INCOME	F.Y 2081-82	F.Y 2080-81
Net Profit for The Year	**1,461,456,879**	**67,829,559**
Other Comprehensive Income		
Gain/ (Loss) On Fair Value Change in investment (FVTOCI)	(171,294,103)	414,540,133
Tax Relating to Components of Other Comprehensive Income	42,823,526	(103,635,033)
Total Other Comprehensive Income	(128,470,577)	310,905,100
Total Comprehensive Income (TCI)	**1,332,986,302**	**378,734,659**

STATEMENT OF CASH FLOW	F.Y 2081-82	F.Y 2080-81
Cash Flows from Operating Activities		
Profit for the Year (TCI)	**1,332,986,302**	**378,734,659**
Adjustment For:		
Non-Operating (Income)/Expenses	3,907,553	(135,996)
Depreciation On Property, Plant and Equipment	1,722,982	192,067
Current And Deferred Tax Expenses	433,658,744	124,624,236
Rent Paid		(600,278)
Finance Cost as Per NFRS 16	457,751	269,626
Depreciation on RoU Assets	1,143,987	484,097
Loss on Sale of PPE	7,493	-
Increase / Decrease in Other Financial Assets	(98,130,557)	54,362,319
Increase / Decrease in Financial Liabilities	2,636,268	(3,662,295)
Fair Value Gain on Sale of Financial Assets	(900,977,937)	-
Fair Value Changes on Financial Assets	(868,711,229)	(484,958,947)
Dividend Income	(2,764,518)	-
Cash Generated from Operations.	**(94,063,162)**	**69,309,489**
Income Tax	(130,000,000)	(3,322,918)
Net Cash Flows from Operating Activities	**(224,063,162)**	**65,986,571**
Cash Flow from Investing Activities		
Acquisition Of Property, Plant and Equipment	(7,343,303)	(3,484,175)
Addition in Investment Made	(842,500,000)	(9,562,246)
Disposal of Investment	1,161,569,834	-
Dividend Income	2,764,518	-
Net Cash Flows from Investing Activities	**314,491,049**	**(13,046,421)**
Cash Flow from Financing Activities		
Payment of Bonus Tax	(3,210,162)	-
Payment of Dividend	(8,816)	-
Payment of Bonus Share Issue Expenses	(608,579)	-
Payment of Right Share Expenses	(271,000)	-
Payment of principal portion of lease liability	(838,249)	-
Interest paid on lease liability	(457,751)	-
Finance Expenses	(3,054,653)	-
Net Cash Flows from Financing Activities	**(8,449,210)**	**-**
Net Increase in Cash and Cash Equivalents	**81,978,677**	**52,940,149**
Cash And Cash Equivalents at Beginning of The Year	**75,984,241**	**23,044,092**
Cash And Cash Equivalents at End of The Year	**157,962,918**	**75,984,241**